SANCHARIKA SAMUHA
WOMEN COMMUNICATORS' FORUM
Sancharika Samuha
FORUM OF WOMEN JOURNALISTS AND COMMUNICATORS
Promoting Communication for Equality

# प्रेस विज्ञप्ति

## सञ्चार अनुगमन प्रतिवेदन

ललितपुर, २९ साउन २०७१ - सञ्चारिका समूह नेपालले गरेको सञ्चार अनुगमनले एक महिनामा १८ महिलाको हत्या भएको र सो हत्यासम्बन्धी ५०वटा समाचार सामग्री प्रकाशन भएको देखाएको छ ।

महिलामाथि हुने हिंसालाई १३ शीर्षकमा वर्गीकरण गरिएको थियो जसमा बलात्कार, यौन दुर्व्यवहार, घरेलु हिंसा, दाइजो, मानवबेचविखन, हत्या, बहुविवाह, बोक्सी, परम्परागत तथा धार्मिक हिंसा, आर्थिक, स्वास्थ्यसम्बन्धी, राजनीतिक र अन्य पर्दछन् ।

१ देखि ३१ जुलाई २०१४ सम्म गरिएको १४ वटा राष्ट्रिय दैनिकको सञ्चार अनुगमनले एक महिनामा बलात्कारसम्बन्धी १११ वटा समाचार सामग्री प्रकाशन भएका थिए जसमा ३३ बलात्कारका घटना थिए । २४ जना महिला बेचविखनमा परेका र तिनको ५५ वटा समाचार सामग्री प्रकाशन भएका थिए । स्वास्थ्य अधिकारको उलङ्घनका १२ वटा घटना भएका र तिनको ५२ वटा समाचार सामाग्री छापिएका थिए ।

परम्परागत तथा धार्मिक हिंसासम्बन्धी ४५ वटा समाचार सामग्री छापिएका थिए । त्यस्तै दाइजोसँग सम्बन्धित ५ घटनाका २२ वटा र यौन दुर्व्यवहार/यातनाका ८ वटा घटनाका २१ वटा समाचार सामग्रीहरु प्रकाशित भएका थिए ।

धेरैजसो समाचार सामग्रीहरु भित्री पृष्ठमा छापिएका थिए । पहिलो पृष्ठमा केवल २९ वटा समाचार प्रकाशित भएका थिए भने महिला हिंसासम्बन्धी धेरै समाचारलाई निकै सानो स्थान दिएको पाइयो ।

७८ वटा समाचारले महिला हिंसाका पीडकहरुमा परिवारका सदस्य भएको देखाएको छ, २६ वटाले राज्य, २५ ले नाम उल्लेख नभएका, ४ ले छिमेकी र १४७ वटा समाचारले अन्य भएको देखाएको छ । यो एक महिनामा ७ वटा सम्पादकीय, ९ वटा फोटो समाचार, ३६ विचार, ४४ सफ्ट न्यूज, ३९९ वटा हार्ड न्यूज प्रकाशित भएका थिए । तीमध्ये ३३ हार्ड न्यूज र २६ सफ्ट न्यूजमा मात्र फोटो/स्केच छापिएका थिए ।

समग्रमा यी राष्ट्रिय दैनिकहरुले महिला हिंसाका समाचारलाई प्राथमिकता दिएकै देखिन्छ । यद्यपि समाचारको फ्लोअप (निरन्तरता), सफ्ट न्यूजमा फोटो/स्केचको प्रयोग, पीडकको भनाइ तथा महिला हिंसासँग सम्बन्धित विद्यमान कानुनका प्रावधानहरुबारे भने खासै उल्लेख गरिएको पाइएन ।

कान्तिपुर, नागरिक, अन्नपूर्ण पोष्ट, नयाँ पत्रिका, गोरखापत्र, हिमालय टाइम्स, कारोबार, राजधानी, नेपाल समाचारपत्र, कमाण्डर पोष्ट, द काठमाण्डु पोष्ट, द हिमालयन टाइम्स, रिपब्लिका र द राइजिङ नेपालको अनुगमन गरिएको थियो ।

सञ्चारिका समूहले आम सञ्चारमाध्यममा महिला हिंसाका समाचारले कस्तो प्राथमिकता पाइरहेका छन् र हिंसा कम गर्न पत्रकारले कसरी समाचार, विचार सम्प्रेषण गर्नु पर्दछ भनी सुझाव दिने उद्देश्यले विगत १ दशकदेखि निरन्तर रुपमा सञ्चार अनुगमन गर्दै आएको छ ।

# # #

थप जानकारीका लागि

रामशरण सेढाई
कार्यक्रम व्यवस्थापक
सञ्चारिका समूह
फोनः अफिसः ०१-५५५११८२/०१-५५३०१९२
मोवाइल नंः ९८५१०८७६१९
इमेलः ramsharan.sedhai@sancharika.org